# शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

प.सं.२०८२।०८३

चलानी नं.८४१

मितिः २०८३/०३/१२

ने.सं.११४६ तछलाथ्व द्वादशी

श्री क्याराभान- बुद्ध हिमाली जे.भि.,
गोपीकृष्णनगर, काठमाडौं।

**विषयः जरुरी ताकेता गरिएको सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको ठेक्का नं. SPRM/NCB/DOP/WORKS/2077-078-07 गाउँपालिका प्रशासकीय भवन निर्माण योजनाको लागि त्यस निर्माण कम्पनिसँग ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेकोमा सो ठेक्काको अन्तिम म्याद मिति २०८४/०३/३० सम्म रहेको बेहोरा विदितै होला। यस कार्यालयबाट च.नं.४६२ मिति २०८२/१२/०१ को पत्रानुसार तहाँ निर्माण कम्पनीलाई मिति २०८३/०३/२० सम्म न्यूनतम ७५% निर्माण प्रगति गरिसक्न ताकेता गरिएकोमा सो मितिसम्म निर्धारित बमोजिमको निर्माण प्रगति गर्न यो जरुरी ताकेता गरिएको छ। तोकिए बमोजिम निर्माण कार्यको प्रगति नभई चालु आर्थिक वर्षका लागि विनियोजित बजेट फ्रिज भई जाने अवस्था सिर्जना भएमा सोको सम्पूर्ण जिम्मेवारी स्वयं निर्माण कम्पनी हुनुपर्ने वेहोरा समेत अवगत गराइन्छ।

पटक-पटक म्याद थप, चेतावनी, निर्देशन र ताकेता गर्दा समेत सम्झौताको म्याद भित्र तोकिए बमोजिम निर्माण प्रगति नहुने र सार्वजनिक निर्माणको कार्य अलपत्र हुने अवस्था देखिएमा प्रचलित कानून बमोजिम त्यस जे.भि. निर्माण कम्पनिलाई सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. नियमावली, २०६४ बमोजिम हदैसम्मको कारबाही गरी ठेक्का सम्झौता अन्त्य गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत सु-सूचीत गरिन्छ।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री स्थानीय पूर्वाधार विकास विभाग (DoLI), पुल्चोक, काठमाडौं।
श्री अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरू (सबै): जानकारीका लागि।
श्री पूर्वाधार विकास शाखाः आवश्यक समन्वय गरी शीघ्र रुपमा कार्य गर्ने गराउने।
श्री साइट इन्जिनियरः शीघ्र रुपमा कार्य सम्पन्न गर्ने गराउने।
श्री अध्यक्षज्यू, उपाध्यक्षज्यूः जानकारीका लागि।
श्री ३ नं.वडा अध्यक्षज्यूः नियमित ताकेता निर्देशन र पहल गर्न हुन।
श्री विषयगत शाखा सबैः जानकारीका लागि।

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

सम्पर्क नं. ९८५८३९०११६/Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

Scanned with CamScanner